# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७२) काठमाडौं, साउन २३ गते, २०७९ साल (संख्या २७


# भाग ५

## नेपाल सरकार

## कृषि तथा पशुपन्छी विकास मन्त्रालयको

## सूचना १

### बर्ड फ्लू नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुहरूको राहत दिने सम्बन्धी मापदण्ड, २०७९

बर्ड फ्लू नियन्त्रणका क्रममा नष्ट गरिएका पन्छी, पन्छीजन्य पदार्थ र पन्छी उत्पादन सामग्रीको सम्बन्धित धनीलाई राहत दिन बर्ड फ्लू नियन्त्रण नियमावली, २०७८ को नियम १३ बमोजिम नेपाल सरकारले यो मापदण्ड बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस मापदण्डको नाम "बर्ड फ्लू नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुहरूको राहत दिने सम्बन्धी मापदण्ड, २०७९" रहेको छ ।

(२) यो मापदण्ड नेपाल राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "ऐन" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले बर्ड फ्लू नियन्त्रण नियमावली, २०७८ सम्झनु पर्छ।

(ग) "दररेट निर्धारण समिति" भन्नाले दफा ३ बमोजिमको दररेट निर्धारण समिति सम्झनु पर्छ।

(घ) "विभाग" भन्नाले पशु सेवा विभाग सम्झनु पर्छ।

(ङ) "कार्यालय" भन्नाले प्रदेश मातहतको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ र सो शब्दले जिल्ला स्थित पशु सेवा हेर्ने निकायलाई समेत जनाउँछ।

(च) "टोली प्रमुख" भन्नाले बर्ड फ्लू प्रभावित क्षेत्रको पन्छी, पन्छीजन्य पदार्थ र पन्छी उत्पादन सामग्री नष्ट गर्ने कार्यका लागि खटाइएको टोलीको प्रमुख सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. **<u>दररेट निर्धारण समिति</u>:** (१) बर्ड फ्लू प्रभावितलाई राहत दिने प्रयोजनको लागि प्रत्येक जिल्लामा पन्छी, पन्छीजन्य पदार्थ र पन्छी उत्पादन सामग्रीहरूको दररेट निर्धारण गर्न देहाय बमोजिमको दररेट निर्धारण समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी | -अध्यक्ष |
| (ख) | जिल्ला समन्वय अधिकारी | -सदस्य |
| (ग) | प्रमुख, कोष तथा लेखा नियन्त्रण कार्यालय | -सदस्य |
| (घ) | प्रमुख, कृषि ज्ञान केन्द्र | -सदस्य |
| (ङ) | जिल्ला सदरमुकाम रहेको गाउँपालिका वा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (च) | प्रतिनिधि, जिल्ला उद्योग वाणिज्य सङ्घ | -सदस्य |
| (छ) | जिल्लास्थित पन्छी तथा पन्छीजन्य व्यवसायीसँग सम्बन्धित सङ्घ, संस्थाको प्रतिनिधित्व हुने गरी अध्यक्षले तोकेको प्रतिनिधि एकजना | -सदस्य |
| (ज) | प्रमुख, कार्यालय | -सदस्य-सचिव |

(२) दररेट निर्धारण समितिले दररेट निर्धारण गर्दा पन्छीको उमेर समूह खुल्नेमा सो समेत खुलाई देहाय बमोजिम छुट्टा-छुट्टै मूल्य निर्धारण गर्नु पर्नेछ :-

(क) प्यारेन्ट तथा ग्रयाण्ड प्यारेन्ट स्टकः ब्रोइलर, लेयर्स, क्रोइलर, हाँस तथा अन्य पन्छी,

(ख) व्यवसायिक रूपमा पालिएका पन्छीः ब्रोइलर, लेयर्स, क्रोइलर, बट्टाई, हाँस तथा अन्य पन्छी,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) जात खुल्ने स्थानीय पन्छीः कुखुरा, हाँस तथा अन्य घरपालुवा पन्छी,

(घ) अण्डा, पन्छीको दाना, पन्छीको मासु।

(३) दररेट निर्धारण समितिले प्रत्येक आर्थिक वर्षको साउन महिनाभित्र प्रचलित बजार मूल्यको आधारमा चालु आर्थिक वर्षको लागि उपदफा (२) बमोजिम मूल्य निर्धारण गर्नु पर्नेछ।

(४) दररेट निर्धारण समितिको सदस्य-सचिवले सो दररेटको जानकारी भदौ मसान्तसम्ममा विभाग र प्रदेश सरकारको पशुपन्छी विकास हेर्ने मन्त्रालयमा पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त दररेटलाई नियमावलीको नियम ३ बमोजिमको समितिले औचित्यको आधारमा पुनर्मूल्याङ्कन वा अनुमोदन गर्न सक्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आकस्मिक रुपले दररेट निर्धारण गर्नु परेमा विभागको निर्णय बमोजिम हुनेछ।

४. **अभिलेख राख्ने:** (१) बर्ड फ्लू नियन्त्रणका क्रममा नियमावलीको नियम ११ बमोजिम नष्ट गरिएका पन्छी, पन्छीजन्य पदार्थ र पन्छी उत्पादन सामग्रीको विवरण सम्बन्धित टोली प्रमुखले विभागले निर्धारण गरेको ढाँचामा प्रमाणित गरी सम्बन्धित धनी र कार्यालयमा दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण कार्यालयले प्रमाणित गरी दुरुस्त राख्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) बमोजिमको विवरण कार्यालयले विभाग र प्रदेश सरकार मातहतका सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

५. **राहतको लागि आवेदन दिने:** (१) दफा ३ बमोजिम निर्धारित राहत रकम प्राप्त गर्नको लागि सम्बन्धित धनीले नियमावलीको नियम ११ बमोजिम नष्ट गरेको मितिले तीस दिनभित्र देहाय बमोजिमका प्रमाणित कागजातसहित सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछः-

(क) पन्छी पैठारी गर्दा विभागबाट प्राप्त सिफारिस पत्र,

(ख) पशु क्वारेन्टाईन प्रमाणपत्र र भन्सार प्रज्ञापनपत्र,

(ग) फार्म दर्ता प्रमाण पत्र,

(घ) दफा ४ को उपदफा (१) बमोजिमको प्रमाणित कागजात,

(ङ) विभागले समय-समयमा तोकेका अन्य कागजात ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वदेशमै उत्पादन गरिएका पन्छी, पन्छीजन्य पदार्थ, पन्छी उत्पादन सामग्री वा सोसँग सम्बन्धित अन्य वस्तुहरूको हकमा फर्म दर्ता प्रमाण पत्र, उत्पादन स्रोत खुलेको कागजात वा खरिद गरेको रसिद, विभागको सिफारिस वा अनुमति पत्र (सिफारिस वा अनुमति चाहिनेको हकमा मात्र) र दफा ४ को उपदफा (१) बमोजिमको प्रमाणित कागजात सहित सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यावसायिक रुपमा पन्छीपालन नगर्ने व्यक्तिले फार्म दर्ता प्रमाणपत्र, विभागको सिफारिस वा अनुमति पत्र, क्वारेन्टाइन प्रमाणपत्र र भन्सार प्रज्ञापनपत्र पेश गर्नु पर्ने छैन।

(४) उपदफा (१), (२) र (३) बमोजिम रित पूर्वक प्राप्त निवेदनहरूको विवरण विभाग र प्रदेश सरकार मातहतका सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

६. **राहत दिने:** (१) सम्बन्धित धनीले दफा ५ बमोजिम रित पूर्वक राहत माग गरेमा दफा ३ बमोजिम निर्धारित दररेटका आधारमा क्षतिको रकम निर्धारण गरी सोको पचहत्तर प्रतिशत रकम राहत उपलब्ध गराइनेछ।

तर नियमावलीको नियम ११ को उपनियम (६) बमोजिम नष्ट गरिएका सामग्रीहरूको हकमा कुनै राहत उपलब्ध गराइने छैन।

(२) दफा ५ बमोजिम प्राप्त निवेदनको आधारमा स्वीकृत कार्यक्रममा बजेट व्यवस्था भए बमोजिम प्रदेश सरकार वा मातहत र विभागको समन्वयमा दोहोरो नपर्ने गरी राहत उपलब्ध गराइनेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त गरेको राहत रकमलाई सम्बन्धित फर्म वा कम्पनीको आम्दानीको रुपमा लेखाङ्कन गर्नु पर्नेछ।

७. **आर्थिक स्रोत व्यवस्थापन:** (१) राहत सम्बन्धी कार्यको लागि आवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्था मन्त्रालय तथा प्रदेश सरकारको पशुपन्छी विकास हेर्ने मन्त्रालय अन्तर्गत विनियोजित बजेटबाट गरिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) बर्ड फ्लू रोग नियन्त्रण, जोखिम विश्लेषण, प्रतिकार्य, राहत वितरण तथा अन्य व्यवस्थापन सम्बन्धी कार्यको लागि मन्त्रालय तथा प्रदेश सरकारको पशुपन्छी विकास हेर्ने मन्त्रालयले आवश्यक बजेटको व्यवस्था गर्नु पर्नेछ।

## सूचना २

## बर्ड फ्लू नियन्त्रण कार्यका लागि खटाइएका कर्मचारी वा व्यक्तिलाई उपलब्ध गराइने प्रोत्साहन सुविधा सम्बन्धी मापदण्ड, २०७९

बर्ड फ्लू नियन्त्रण कार्यका लागि रोग नियन्त्रण कक्ष, प्रयोगशाला, आकस्मिक रोग अन्वेषण, रेपिड रेस्पोन्स समेतका प्रतिकार्यमा खटाइएका कर्मचारी वा व्यक्तिलाई प्रोत्साहन सुविधा उपलब्ध गराउन बर्ड फ्लू नियन्त्रण नियमावली, २०७८ को नियम १४ बमोजिम नेपाल सरकारले यो मापदण्ड बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "बर्ड फ्लू नियन्त्रण कार्यका लागि खटाइएका कर्मचारी वा व्यक्तिलाई उपलब्ध गराइने प्रोत्साहन सुविधा सम्बन्धी मापदण्ड, २०७९" रहेको छ।

(२) यो मापदण्ड नेपाल राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **प्रोत्साहन सुविधाः** (१) बर्ड फ्लू नियन्त्रण नियमावली, २०७८ अनुसार रोग नियन्त्रण कार्यमा खटाइएका कर्मचारी वा व्यक्तिलाई सो कार्यमा खटिएको अवधिमा देहाय बमोजिमको थप सुविधा प्रदान गरिनेछः-

(क) नियमानुसार प्रतिदिन पाउने तलब वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रचलित ज्यालामा शत प्रतिशतको आर्थिक सुविधा,

(ख) बिदाको दिनमा काम गरेबापत प्रत्येक दिनका लागि खण्ड (क) बमोजिम पाउने रकममा थप शत प्रतिशत आर्थिक सुविधा,

(ग) अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिकामा तोकिए बमोजिम खाना र खाजा खर्च,

(घ) विभाग, प्रदेशस्तरको कार्यालय वा स्थानीय तहबाट खटिने टोली प्रमुख, नियन्त्रण कक्ष प्रमुख र सूचना अधिकारीलाई सञ्चार खर्च बापत एक कार्य अवधिका लागि प्रति व्यक्ति एक हजार रुपैयाँ,

(ङ) खटिएको अवधिमा गरिने स्वास्थ्य परीक्षण तथा औषधि उपचार खर्च ।

(२) कर्मचारी र दैनिक ज्यालादारीमा काम गर्ने व्यक्ति समेतको खटिएको अवधिको लागि दश लाख रुपैयाँको जोखिम बीमा वा जोखिम बीमा नगरेको अवस्थामा कर्मचारी र दैनिक ज्यालादारीमा काम गर्ने व्यक्ति समेतको रोग नियन्त्रणका लागि खटिएको अवधिमा वा खटिएको मितिले बयालीस दिनभित्र सोही रोगको कारणबाट बिरामी भएमा निःशुल्क उपचार वा मृत्यु भएमा प्रत्येक मृतकको परिवारलाई नेपाल सरकारले दश लाख रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराउनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**स्पष्टीकरण:** "परिवार" भन्नाले कर्मचारी र ज्यालादारीमा काम गर्ने व्यक्तिसँग बस्ने तथा निज आफैंले पालन पोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुषको हकमा निजको बाजे, बज्यै तथा महिलाको हकमा निजको सासु, ससुरालाई समेत जनाउँछ।

३. **आर्थिक स्रोत व्यवस्थापन:** प्रोत्साहन सुविधाको लागि आवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्था मन्त्रालय तथा प्रदेश सरकारको पशुपन्छी विकास हेर्ने मन्त्रालय अन्तर्गत विनियोजित बजेटबाट गरिनेछ।

**आज्ञाले,**
**डा. दिपक कुमार खराल**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.१०/-
गो.द्द.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।